निर्णय पुस्तिकाः- | बैठक संख्याः ०८ | मिति २०७७।०७।२७

आज मिति २०७७ साल कार्तिक २७ गते बिहिबारको दिन आमचोक गाउँपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो।

### उपस्थिति

| सि नं | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भीम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादुर खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्याङ्क अधिकृत | श्री धन कुमार राई | |
| २० | कम्प्युटर अपरेटर (पाँचौं) | श्री विपुल कुमार यादव | |
| २१ | | | |
| २२ | | | |

प्रस्तावहरुः

१. आमचोक गाउँपालिका जलश्रोत कार्यविधि-२०७७ सम्बन्धमा।
२. लघु उद्यम विकास कार्यक्रम संचालन गर्न वडा कार्यालय छनौट सम्बन्धमा।
३. लघु उद्यम विकास कार्यक्रम फोकल व्यक्ति तोक्ने सम्बन्धमा।
४. स्वास्थ्य सेवा अन्तर्गत ज्यालादारी कर्मचारी नियुक्ति सम्बन्धमा।
५. वासिङ्गथर्पु प्रहरी चौकी भवन मर्मत बजेट विनियोजन सम्बन्धमा।
६. १० सैय्याको अस्पताल निर्माण सम्बन्धमा।
७. विस्तृत परियोजना प्रतिवेदन तयारी सम्बन्धमा।

**निर्णय नं.१**

आमचोक गाउँपालिका भित्रको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने,त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदुषण मुक्त राख्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनिय भएकोले **"आमचोक गाउँपालिका जलश्रोत कार्यविधि - २०७७"** स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.२**

आर्थिक वर्ष २०७७/७८ देखि आमचोक गाउँपालिकामा गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्नको लागि आमचोक गाउँपालिकाको वडा नं. ३ र वडा नं.८ छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

आमचोक गाउँकार्यपालिकामा उद्दम विकास शाखाको स्थापना गरि सो शाखाको प्रमुखमा तथ्याङ्क अधिकृत एवं योजना शाखाका प्रमुख श्री धनकुमार राईलाई तोक्ने निर्णय गरियो साथै आर्थिक वर्ष २०७७/७८ देखि आमचोक गाउँपालिकामा गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन हुने भएकोले गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिकाको दफा ६ वमोजिम सो कार्यक्रमको केन्द्रिकृत व्यक्ति (Focal Person) तोक्नु पर्ने भएकोले उद्धम विकास शाखाका प्रमुख श्री धनकुमार राईलाई तोक्ने निर्णय गरियो।

**निर्णय नं.४**

आमचोक गाउँपालिकाको स्वास्थ्य संस्था नभएको वडा नं.७ र ८ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गर्नको लागि शशर्त अनुदान स्वास्थ्य सेवा केन्द्र संचालन खर्च शिर्षकवाट तलव भत्ता व्यहोरिने गरि स्वास्थ्य तर्फको कर्मचारी पूर्ती गर्नु पर्ने भएको र तपशिल वमोजिमको दुइजना निवेदकहरुले ज्यालादारीमा कामकाज गर्नपाउँ भनि दिएको निवेदन वमोजिम कोभिड १९ को संक्रमनको अवस्थामा करार सेवामा कर्मचारी पदपूर्ती गर्न असहज भएकोले निवेदकहरुलाई पद/ तह अनुसार ज्यालादारीमा नियुक्ति गर्ने निर्णय गरियो।

तपशिल

| नियक्तिको लागि निवेदन पेश भएको पद | निवेदकको नाम,थर | उमेर | लिङ्ग | ठेगाना | न्यूनतम तथा अधिकतम योग्यता |
|---|---|---|---|---|---|
| अ.न.मी. | बिर्षिका राई | ३५ वर्ष | महिला | आमचोक ८ | अ.न.मी. |
| अ.न.मी. | अस्मिता कार्की | २२ वर्ष | महिला | आमचोक ७ | बि.एस.सि.नर्सिङ |

**निर्णय नं.५**

आमचोक गाउँपालिका वडा नं.१ वासिंथर्पूमा प्रहरी चौकी स्थापना भई यहि मिति २०७७ कार्तिक १२ गते समुदघाटन भएको र उक्त प्रहरी चौकिको लागि भवन नभएकोले पञ्चकन्या माविको जिर्ण अवस्थामा रहेको भवन मर्मत गरि सो स्थानमा प्रहरी चौकी कार्यालय राख्नु पर्ने भएको कारण सो भवनको मर्मत गर्नको लागि मर्मत सम्भार कोषवाट रु.३०००००।(अक्षेरुपी रु तीन लाख मात्र) रकम विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं.६**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ८९ मिति २०७७/६/१९ को पत्र अनुसार आमचोक गाउँपालिकामा ५ वेडको अस्पताल स्वीकृत भइ भवन निर्माण गर्नको लागि रकम विनियोजन भएको तर आमचोक गाउँपालिकाको भूगोल र जनसंख्याको आधारमा १० वेडको अस्पताल आवश्यक हुने देखिएकोले आधारभूत अस्पताल भवन निर्माण सम्वन्धी निर्देशिका २०७७ वमोजिम १० वेडको अस्पतालको लागि भवन निर्माण गर्ने निर्णय गरियो। निर्देशिका वमोजिम ५ वेडको भवन निर्माण गर्नको लागि प्रस्तावित रकम रु.७,११,९७,८९० र १० वेडको भवन निर्माणको लागि रु १०,८३,३६,०००। भएकोमा १० वेडको भवन निर्माण गर्नको लागि अपुग हुने रकम गाउँपालिकाले आर्थिक दायित्व वहन गर्ने वा अन्य निकाय सँग सो अपुग बजेट माग गर्ने गरि १० सैय्याको हस्पिटल निर्माणका लागि स्विकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

१० सैया भवन निर्माणका लागि परामर्श सेवा मार्फत विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी गर्न र माटो परिक्षण गर्नका लागि अधिकतम रु १५०००००। रकम खर्च गर्ने निर्णय गरियो।

प्रमाणित गरिएको

२०७७।७।२८

प्रमुख प्रशासकीय अधिकृत

०७७।७।२८

अध्यक्ष